# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०७ बारा, २०८३ असोज १ गते विहिबार / षष्ठी / नेपाल संवत् ११४६ / Thursday, September 17 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## बाढीमा बेपत्ता कलैयाका पटेलको कुशको शव बनाएर अन्त्यष्टि



सिमरा,३१ भदौ/रसुवागढी नाकामा आएको बाढीमा परी बेपत्ता भएका बाराका एक पुरुषको कुशको शव बनाएर अन्तिम संस्कार गरिएको छ ।

बाराको कलैया उपमहानगरपालिका( २३ बैरापुराका सुभाषप्रसाद पटेलको बेपत्ता भएको २२ दिनसम्म पनि पत्तो नलागेपछि परिवारले धार्मिक परम्परा अनुसार अन्तिम संस्कार गरेका हुन् ।

गाडी मर्मत गर्ने काम गर्दै आएका पटेल गत भदौ ८ गते बिहान बाराबाट टूक बनाउनका लागि रसुवागढी नाकातर्फ गएका थिए । बाढी आउनुभन्दा केही समय अघि मात्र उनले रसुवागढी नाकाबाट आफ्नो घरमा भिडियो कल गरेर परिवारसँग कुराकानी गरेका थिए । तर भिडियो कलमा कुरा गर्दागर्दै अचानक ठूलो बाढी आएपछि उनी एकाएक बेपत्ता भएका थिए ।

त्यस दिनदेखि पटेलको अवस्था अज्ञात छ । लामो समयसम्म खोजी गर्दा पनि उनको अवस्था अज्ञात नै रहेपछि निराश बनेको परिवारले बुधबार कुशको प्रतीकात्मक शव बनाएर दाहसंस्कार गरेको हो ।

स्थानीय सुरेश पटेलका अनुसार बुधबार बिहान १० बजे बैरापुरस्थित बंगरी नदी घाटमा उनको धार्मिक विधिपूर्वक अन्तिम संस्कार गरिएको छ ।

बेपत्ता पटेलका श्रीमती, दुई छोरा र एक छोरी छन् ।

## शान्ति सुरक्षा, सुशासन र नागरिक हित प्राथमिकता : बाराका प्रजिअ अधिकारी




कलैया, ३१ भदौ/बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले जिल्लाको शान्ति सुरक्षा, सुशासन र नागरिक हितलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभएको छ ।

जिल्ला प्रशासन कार्यालय बारामा बुधबार सञ्चारकर्मीसँग आयोजना गरिएको परिचयात्मक कार्यक्रममा बोल्दै प्रजिअ अधिकारीले लागूऔषध नियन्त्रण, तस्करी नियन्त्रण तथा मापदण्डविपरीत सञ्चालन भइरहेका क्रसर उद्योगमाथि आवश्यक कानुनी कारबाही गर्ने बताउनुभएको हो ।

जिल्लामा शान्ति सुरक्षा र सुशासन कायम गर्न राजनीतिक दल, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा अन्य सरोकारवाला निकायसँग सहकार्य गरेर अघि बढ्ने उहाँको भनाइ थियो । नागरिकका समस्या तथा गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्दै प्रशासनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने पनि उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालयबाट हुने सूचना प्रवाहमा देखिएका समस्या, स्थानीय प्रशासन र सञ्चार क्षेत्रबीचको समन्वयको बारेमा सञ्चारकर्मीहरूले प्रजिअ अधिकारीको ध्यानाकर्षण गराएका थिए ।

त्यसैगरी पत्रकारहरूले बाराको भारतीय सीमा क्षेत्रमा हुने तस्करी, लागूऔषध कारोबार नियन्त्रण, शान्ति सुरक्षा, अवैध क्रसर उद्योग तथा प्रशासनिक सेवा प्रवाहलगायत समसामयिक विषयमा प्रजिअ अधिकारीसँग जिज्ञासा राखेका थिए । उनीहरुले विगतमा नेपाल पत्रकार महासंघ बारा शाखासंग जिल्ला प्रशासन कार्यालयको समन्वय नगरेको बारेमा पनि गुनासो गरेका थिए ।

पत्रकारहरूको जिज्ञासाको जवाफ दिँदै अधिकारीले आफू सबै सरोकारवाला निकायसँग सम्मानजनक व्यवहार र सहकार्यका साथ अघि बढ्ने बताउनुभएको थियो । प्रशासन र सञ्चार क्षेत्रबीचको सम्बन्धलाई थप प्रभावकारी बनाउँदै सूचनाको पहुँच र समन्वयमा आवश्यक ध्यान दिने उहाँले जनाउनुभयो ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई तथा इलाका प्रशासन कार्यालय सिमराका कार्यालय प्रमुख राजेन्द्र कडेलको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान, बारा जिल्ला अध्यक्ष रमेश सुवेदी, महासंघ मधेस प्रदेश कोषाध्यक्ष अनिल गौरव, जिल्ला सचिव पुष्पराज खतिवडा, जिल्ला कार्यसमिति सदस्य नरेश गुप्तालगायतको सहभागिता थियो ।

यसअघि जाजरकोटको प्रमुख जिल्ला अधिकारी रहनुभएका प्रजिअ अधिकारीलाई गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय बारामा सरुवा गरेको गरेको हो । प्रजिअ अधिकारीले गत भाद्र २४ गते जिल्ला प्रशासन कार्यालयमा पदवहाली गर्नुभएको थियो

## विशेष अदालतबाट सफाइ पाएपछि वीरगञ्जका मेयर सिंहद्वारा पदभार ग्रहण



वीरगञ्ज, ३१ भदौ/ लिखतसम्बन्धि मुद्दामा विशेष अदालतबाट सफाइ पाउनुभएका वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख (मेयर) राजेशमान सिंहले ३ महिनापछि बुधबार पदभार ग्रहण गर्नुभएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २५ गते छोरीको नागरिकता बनाउँदा गलत लिखत पेस गरेको आरोपमा मुद्दा दायर गरेपछि उहाँ मेयर पदबाट निलम्बनमा पर्नुभएको थियो ।

उक्त मुद्दाको सुनुवाइका लागि मंगलबार भएको बहसमा विशेष अदालतले सफाइ दिएपछि उहाँ स्वतः मेयर पदमा पुनर्वहाली हुनुभएको हो । हिन्दु धार्मिक रीतिरिवाज अनुसार आफ्नो कार्यकक्षमा पूजापाठ गरेपछि उहाँले पदभार सम्हाल्नुभएको थियो ।

सो अवसरमा कर्मचारी र समर्थकहरूलाई सम्बोधन गर्दै मेयर सिंहले राजनीतिक प्रतिशोध र व्यक्तिगत रिसबीका कारण आफूविरुद्ध झूटा आरोप लगाइएको बताउनुभयो । अदालतले न्याय दिएकोमा खुसी व्यक्त गर्दै उहाँले वीरगञ्जवासीको टाउको निहुरिने गरी कुनै पनि गलत काम नगरेको र भविष्यमा पनि नगर्ने प्रतिबद्धता जनाउनुभयो । वीरगञ्जलाई समृद्ध बनाउने आफ्नो अभियान देखिनसक्नेहरूले आफूलाई दुःख दिएको उहाँको भनाइ थियो ।

आफू निलम्बनमा परेको समयमा महानगरपालिकाका केही कर्मचारीले सेवाग्राहीलाई दुःख दिएको गुनासो आएको भन्दै उहाँले त्यस्ता कर्मचारीहरूलाई तत्काल सच्चिन चेतावनी दिनुभयो । कर तिर्न आउने सेवाग्राहीलाई समेत हप्तौसम्म झुलाउने गरिएकोप्रति आपत्ति जनाउँदै उहाँले सम्पूर्ण कर्मचारीहरूलाई जिम्मेवार भएर काम गर्न निर्देशन दिनुभएको छ ।

## जीतपुरसिमराको भलुहीमा ट्रकको ठक्करबाट दुईजनाको मृत्यु




सिमरा, ३१ भदौ/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( २३ भलुहीस्थित सडकमा मंगलबार राति ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बाराको करैयामाई गाउँपालिका( ७ का ३० वर्षीय दिलीप चौधरी र पर्साको वीरगञ्ज महानगरपालिका( १५ नगवाका ३५ वर्षीय रवीन्द्र उपाध्याय रहेका छन् ।

पथलैया(वीरगञ्ज सडकखण्ड अन्तर्गत भलुहीको सागर आयल पेट्रोल पम्पनजिक पूर्वतर्फको सर्भिस लेनबाट मुख्य सडकमा निस्कदै गरेको ना३ख ५६१० नम्बरको ग्यास बोकेको ट्रकले वीरगञ्जतर्फ जाँदै गरेको ना४३ प ५१२२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करबाट चौधरी र उपाध्याय गम्भीर घाइते भएका थिए

घाइते दुवैलाई उपचारका लागि वीरगञ्जको नारायणी अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । मोटरसाइकल कसले चलाएको भन्ने खुल्न सकेको छैन । मृतकको शव नारायणी अस्पतालमै रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो ।

प्रहरीले ट्रक र चालक चितवन भरतपुरका ५८ वर्षीय सुनिलराज पाठकलाई नियन्त्रणमा लिएको छ ।

## मलखाद नपाएको अभावभन्दै पर्साको बहुदरमाई नगरपालिका कार्यालयमा तालाबन्दी




वीरगञ्ज ३१ भदौ/मलखादको अभाव भएको भन्दै आक्रोशित स्थानीय बासिन्दाले बुधबार पर्साको बहुदरमाई नगरपालिका कार्यालयमा तालाबन्दी गरेका छन् ।

बहुदरमाई नगरपालिका( ४ बाट करिब ४० देखि ५० जनाको समूह मलखादको समस्या लिएर नगरपालिका कार्यालय पुगेको थियो । उनीहरूले नगर प्रमुख सिंगासन सा तेली र उपप्रमुख सुष्माकुमारी कुशवाहासँग भेट गरी समस्या राख्न खोजेका थिए ।

तर, नगर प्रमुख र उपप्रमुखसँग भेट हुन नसकेपछि स्थानीय आक्रोशित बनेका थिए । त्यसपछि उनीहरूले नगरपालिका कार्यालयका कर्मचारीलाई बाहिर निकालेर मूल ढोकामा तालाबन्दी गरेका हुन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश अधिकारीका अनुसार स्थानीय जनप्रतिनिधिसँग छलफल गर्न

बाँकी तेश्रो पेजमा

## महोत्तरीको औरहीका नगर प्रमुखमाथि कार्यालयमै हातपात, सेवा ठप्प



महोत्तरी, ३१ भदौ/महोत्तरीको औरही नगरपालिकाका नगर प्रमुख प्रदीपकुमार खड्कालाई कार्यकक्षमै हातपात गरिएको छ ।

कार्यालयमा प्रवेश गरेका केही व्यक्ति कार्यालय परिसरमा तोडफोडसमेत गरेको आरोप छ ।

घटनापछि जनप्रतिनिधि तथा कर्मचारीको सुरक्षाको प्रत्याभूति नभएको भन्दै नगरपालिकाले अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गरेको छ ।

नगरपालिकाका कर्मचारीले जारी गरेको प्रेस विज्ञप्तिअनुसार बुधबार बिहान करिब ११:३० बजे केही व्यक्ति समूहमा नगर प्रमुखको कार्यकक्षमा प्रवेश गरेका थिए । उनीहरूले नगर प्रमुखमाथि हातपात तथा अभद्र व्यवहार

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# अब सुशासन होस्

बाराका ६ वटा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरूको एकमुष्ट हेरफेर हुनुले मुलुकको स्थानीय प्रशासनमा व्याप्त अस्थिरता र त्यसले जनस्तरमा पार्ने प्रभावबारे गम्भीर विमर्शको माग गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएको यो निर्णयले प्रशासनिक क्षेत्रमा केही नवीनता ल्याउने अपेक्षा गरिए तापनि, यसको अन्तर्यमा लुकेको राजनीतिक दबाव वा प्रशासनिक असन्तुलनलाई नजरअन्दाज गर्न मिल्दैन। स्थानीय सरकार जनतासँग प्रत्यक्ष जोडिने पहिलो निकाय हो, र यसको मेरुदण्ड भनेकै प्रमुख प्रशासकीय अधिकृत हुन्।

यस्तो संवेदनशील पदमा छोटो समयमै वा ठूलो संख्यामा हेरफेर भइरहँदा पालिकाहरूको नीतिगत निरन्तरता खलबलिने, चालु आर्थिक वर्षका विकास निर्माणका योजनाहरू प्रभावित हुने र राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा समेत सुस्तता आउने जोखिम उच्च रहन्छ।मधेस प्रदेशकै रणनीतिक र आर्थिक रूपमा महत्त्वपूर्ण जिल्ला बाराका पालिकाहरूमा सुशासन कायम गर्नु आफैंमा चुनौतीपूर्ण छ। यस अवस्थामा भएका नयाँ नियुक्ति र सरुवाहरूलाई केवल 'नियमित प्रक्रिया' का रूपमा मात्र नहेरी, यिनको नतिजासँग जोडेर हेरिनु आवश्यक छ।

बारम्बार हुने प्रशासनिक हेरफेरले कर्मचारी संयन्त्रमा निराशा पैदा गर्ने र जनप्रतिनिधि तथा कर्मचारीबीचको समन्वयमा असमझदारी बढाउने गरेको विगतको अनुभव छ। त्यसैले, यो नयाँ प्रशासनिक नेतृत्वले विगतका कमजोरीहरूबाट पाठ सिक्दै, राजनीतिक दबाव र प्रभावभन्दा माथि उठेर विशुद्ध व्यावसायिकता प्रदर्शन गर्नुपर्छ। सरुवा भएर आएका अधिकृतहरूले पालिकाको वित्तीय अनुशासन कायम राख्ने, लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाउने र सेवा प्रवाहलाई छिटोछरितो बनाउनेतर्फ आफूलाई केन्द्रित गरेमा मात्र यो प्रशासनिक कदमको औचित्य पुष्टि हुनेछ। अन्यथा, यो हेरफेर केवल कुर्सी बदल्ने प्रहसनमा मात्र सीमित हुनेछ।

# प्रशासनमा नवीन अवधारणा




सार्वजनिक क्षेत्र सुधारको नयाँ अवधारणा विकास हुँदै अभ्यासमा आएका छन् । अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरले आफ्ना वित्त सहयोगी पिटर पिहरको सल्लाह अनुरूप शून्यमा आधारित बजेट लागु गरे । ९० को दशकमा सरकारको पुनर्बोधको अवधारणा विकास भयो । बिल क्लिन्टनले अलगोरद्वारा प्रस्तुत राष्ट्रिय उपलब्धि प्रतिवेदन कार्यान्वयन गरी प्रशासनलाई नतिजामुखी बनाए । बाराक ओबामाले प्रविधि सल्लाहकार अनिश चोपराको प्रतिवेदन अनरूप आविष्कारमुखी सरकारको अवधारणा र शिक्षा प्रणालीलाई विज्ञानमुखी बनाए । डोनाल्ड ट्रम्प राष्ट्रपति हुनुभन्दा अघि आफू विजयी भएमा कर्मचारीतन्त्रमा व्यापक कटौती गरी सरकारमा युगान्तकारी सुधार गर्ने घोषणा गरेका थिए, आफू विजय भएपछि त्यसलाई कार्यान्वयन गर्न वैज्ञानिक अलोन मस्क र विज्ञ विवेक रामास्वामीलाई जिम्मेवारी दिएर सरकारी कार्यदक्षता विभाग स्थापना गरे । प्रशासन व्यवस्थापनको व्यावहारिक अनुभव भएकी एक मात्र राजनेता न्युजिल्यान्डकी पूर्वप्रधानमन्त्री हेलेन क्लार्कले भने नयाँ सार्वजनिक जागरणमार्फत कर्मचारीतन्त्रमा स्वाभाविक अभिरुचि पैदा गर्नु पर्छ भन्ने मान्यता लिइन् । उनले अर्थ नीतिमा संरचना मात्र परिवर्तन गरेर प्रशासनलाई स्वप्रेरित अभिरुचि जगाउन सकिँदैन, कर्मचारीमा स्वयम् कार्यअभिरुचि बढाउन आन्तरिक तथा बाह्य प्रोत्साहन जरुरी हुन्छ ।

नेपालमा उच्चस्तरीय प्रशासन सुधार आयोगको प्रतिवेदन, २०४८ ले प्रशासनलाई सुधारभन्दा एक कदम अघि बढेर परिवर्तनको दृष्टिकोण राखेको थियो । जे होस् वर्तमानमा सबै सरकार सार्वजनिक प्रशासनमा नवप्रवर्तन, पुनः आविष्कार, भ्यालु रिइन्जिनियरिङ र प्रशासनिक स्टार्टअप जस्ता कार्यक्रममा जोड दिइरहेका छन् तर सार्वजनिक क्षेत्रको यो पुनः आविष्कार निकै जटिल छ, जसमा कर्मचारीतन्त्र र राजनीतिक कार्यकारीलगायत राज्य प्रक्रियाका धेरै पात्र समेटिनु पर्छ । नेपालमा भने प्रशासनिक स्टार्टअप र नवप्रवर्तनमा जोड दिनुभन्दा 'प्रशासन नै सुधारको बाधक हो, यसलाई सके जति घटाउनु पर्छ र विकल्प खोजिनु पर्छ' भन्ने भाष्य बन्दै आएको छ ।

वास्तवमा प्रशासकीय व्यवस्थापन समयको गतिसँगै निरन्तर परिवर्तन भइरहने जीवन्त र गतिशील प्रक्रिया हो। सर्वसाधारणको चासो र चाहनासँग समानान्तर हिँड्नु तथा उनीहरूको वर्तमानलाई सन्तुष्ट र भविष्यलाई सुरक्षित पार्नु प्रशासनको मुख्य काम हो । प्रशासनभित्र रहेको चेतना, योग्यता र जिम्मेवारीका कारण यो पल पलको आविष्कार वा नवप्रवर्तनमा रहनु पर्छ। बाह्य दबाब र शासकीय व्यवस्थाको चाहना अनुरूप सार्वजनिक प्रशासन आज नयाँ सार्वजनिक व्यवस्थापन, नयाँ सार्वजनिक सेवा, उपलब्धि अभिमुखीकरण र नवीन सार्वजनिक जागरणका विभिन्न अवधारणामा पुगेको छ ।

यी सबै नवीन अवधारणा पूर्ण रूपमा कार्यान्वयन गर्न केही कठिनाइ भए पनि प्रत्येक प्रशासनिक नेतृत्वको मुख्य दायित्व आफ्नो कार्यकाललाई अघिल्लोभन्दा राम्रो बनाउँदै त्यो प्रणाली भावी पुस्तालाई हस्तान्तरण गर्नु हो । यो प्रशासनिक नेतृत्वको व्यावसायिक दायित्व र नैतिक कर्तव्य दुवै हो। जुन नेतृत्व यस प्रक्रियामा चुकेको छ, उसैको बढी आलोचना भएको पाइन्छ। तसर्थ पर्याप्त योग्यता र क्षमता भएको कर्मचारी वा प्रशासकले आफ्नो औचित्य कहिल्यै गुमाउँदैन ।

### नवप्रवर्तन र स्टार्टअप फरक

नवप्रवर्तन र स्टार्टअप एकै होइनन् तर दुवै उस्तै देखिन्छन् । सार्वजनिक सेवा नवप्रवर्तन अन्तर्गत नयाँ विचार, कार्यप्रक्रियाको अवलम्बन, नवीन प्रविधिको अभ्यास र नयाँ सम्बन्ध संरचना निर्माणका कार्य समेटिन्छन् । यसले परम्परागत सोच, विधि र प्रविधिभन्दा माथि उठेर नवीन सेवा संरचनाको दृष्टिकोण राख्छ। एक्काइसौं शताब्दीको दबाबले प्रशासनलाई आविष्कारमुखी बन्न बाध्य पारेको छ। यो सेवाग्राही र मूल्यकेन्द्रित हुन्छ, जसले समाजलाई नयाँ मूल्य दिन्छ । साथै यसले एकीकृत नीति निर्माण तथा सेवा डिजाइनमा नीतिग्राही, विज्ञ र सेवाप्रदाताको साझा संलग्नताको अपेक्षा गर्छ । प्रविधिमा प्रशिक्षित प्रतिभाको उपस्थिति र लाभग्राहीको चेतनाले यसलाई थप ऊर्जा दिएको छ ।

अर्कोतर्फ केही वर्षअघिबाट विश्वभर प्राथमिकतामा रहेको 'स्टार्टअप' मूलतः निजी क्षेत्रको उद्यम व्यवसाय प्रवर्धन गर्ने अवधारणा हो, यसले अहिले सार्वजनिक क्षेत्रमा पनि प्रवेश पाएको छ। निजी क्षेत्रले बजारको खाडल पत्ता लगाउँदै सम्भाव्य सेवा प्रारूपण र निरन्तर नवीन स्वाद विस्तार गरेर यसको अभ्यास गर्छन् । युवाले यसमा नेतृत्व लिइरहेका छन्। सरकारी क्षेत्रमा कानुनी सीमा, प्रक्रियागत जटिलता र सार्वजनिक चाखका कारण यसको अभ्यास केही असजिलो र सीमित हुन्छ, जहाँ व्यक्ति पूर्ण रूपमा स्वाधीन हुन सक्दैन । यद्यपि यो असम्भव भने होइन किनकि नवीन सोच र सिर्जनात्मक अभ्यास जुनसुकै क्षेत्रमा पनि सम्भव छ । प्रशासनिक नेतृत्वले यी दुवै अवधारणालाई बुझेर अघि बढ्नु पर्छ ।

### प्रशासनिक परिवर्तन

सार्वजनिक क्षेत्रमा स्टार्टअप भन्नाले नवीन व्यावसायिक सोचयुक्त कार्यसम्पादन, समावेशी विचार अवलम्बन, स्वयम् अभिरुचि निर्माणसहित साङ्गठनिक कार्यप्रक्रियाको परिवर्तनसाथ सेवाग्राही सन्तुष्टि विस्तार हो। यसका लागि मानवीकृत अनलाइन अवलम्बन, बाह्य विज्ञ दक्षबाट छरितो सेवा प्राप्ति, वितरण, कर्पोरेट समर्थित इन्कुवेटर प्रशासन, कार्यमूलक सङ्गठन, आन्तरिक प्रतिस्पर्धा र सेवा बजार प्रोत्साहन, भ्यालु रिइन्जिनियरिङ स्वयम् मूल्याङ्कन र नागरिक विवेचनाका कार्यस्वरूप अभ्यासमा ल्याउन सकिन्छ । नेपालमा प्रशासनिक स्टार्टअपको अवधारणा त्यति विकास भएको छैन, संरचनात्मक कार्य मात्र भएका छन्, ती पनि धेरै त बेवारिसे छन् । यस वर्षको बजेट वक्तव्यमा सङ्गठन सुधारका थोरै कुरा उल्लेख गरेर त्यतातिर जान खोजेको आभास मिल्छ। केही वर्षअघिका बजेटले युवालाई लक्षित स्टार्टअपलाई महत्व दिएको थियो तर लक्ष्यित वर्गलाई यसले उपेक्षा गर्न पुग्यो । प्रशासनिक परिवर्तन, अनलाइन सेवा, सयबुँदे कार्यक्रम जस्ता संरचनात्मक पक्षमा अहिले सरकारले महत्व दिएको छ तर प्रशासनलाई भित्रैबाट अभिप्रेरित गर्ने काम भएको छैन । प्रणालीभित्रैबाट स्टार्टअप मानसिक अभिरुचि जगाउन सकिएको छैन । प्रशासनमा देखिएको भावनात्मक असुरक्षा र प्रशासनको परम्परागत संस्कृतिले पनि यस्तो भएको छ। यस अवस्थामा उसबाट नवीन र प्रवर्तनकारी सोच आउँछ भन्ने अलि असजिलो छ तर यसको विकल्प पनि छैन ।

निजामती सेवाभित्र व्यावसायिक दक्षताका व्यक्ति छन्, उनीहरू स्वयम् प्रेरित भएर नवीन कार्यप्रक्रियामा आविष्कारमुखी हुन चाहन्छन् । उनीहरूमा अन्तरनिहित क्षमता र आर्जित सामर्थ्यलाई उपयोग गर्ने वातावरण भए स्टार्ट अङ्कुरण आफैं हुन्छ भन्ने केही उदाहरण भेटिन्छन्। त्यहींका कर्मचारीले लोक सेवा आयोगको परीक्षालाई निष्पक्ष बनाउन परीक्षार्थीको परिचय गोप्य राख्ने प्रणाली (ब्लाइन्ड सिस्टम) अभ्यासमा ल्याएका थिए, जसका कारण लोक सेवाको परीक्षा आमविश्वासको मानक बन्यो । डेढ दशकअघि नेपालले जलवायु परिवर्तन बजेट विकास गऱ्यो, विश्वका लागि नै नौलो यो विधि असल अभ्यास बन्यो । वैदेशिक सहायता व्यवस्थापनमा शोधभर्ना आबद्ध सूचक नामक अर्को संयन्त्र विकास गरियो । बजेट सुधार गर्न मन्त्रालयगत बजेट व्यवस्थापन प्रणाली स्थापना गरियो, कोभिडका समयमा बन्दाबन्दी लागु हुँदा पनि परीक्षा र पठनपाठनको काम भयो, यसले विद्यार्थी भाइबहिनीको शैक्षिक वर्ष हराएन। कल्पना गरौं लाखौं विद्यार्थीको एक शैक्षिक वर्ष जीवनबाट हराएको भए राष्ट्रलाई कति क्षति पुग्थ्यो होला ? प्रशासनिक स्टार्टअपले त्यसो हुन दिएन । क्रियाकलापमा आधारित लेखा प्रणाली कार्यान्वयनमा ल्याइयो, अब भनिएको समयमा वित्तीय आँकडा प्राप्त गर्न सकिने भएको छ। सार्वजनिक सम्पत्ति लेखा प्रणाली जारी भयो । बजेट र नीतिबिचको आबद्धता विश्लेषणका लागि बजेट कोडिङ, आयोजना प्राथमिकीकरण, विनियोजन सूत्र बनाइएका छन् । यी सबै काम नभिनीकनै भएका प्रशासनिक स्टार्टअपका केही उदाहरण हुन् तर यी प्रणाली पनि निरन्तर नवप्रवर्तनमा जान सकेका छैनन् । कतिपय अवस्थामा परिवर्तनकामी कर्मचारीले वृत्ति जोखिमसमेत उठाउन पऱ्यो । हेलो सरकार, घुम्ती सरकार जस्ता अवधारणा कार्यान्वयनमा आए तर अधिकतर काममा पुरातनिक सोच प्रशासनमा पनि र राजनीतिक कार्यकारीमा बाँकी रह्यो राजनीतिको सोचमा कर्मचारीतन्त्रको संरचना विनिर्माण गर्नु मात्र स्टार्टअप जस्तो देखिएको छ। यो विश्वास र अभिमुखीकरणको समस्या हो । यसर्थ प्रशासनिक स्टार्टअप वा प्रवर्तनका लागि कम्तीमा पनि केही सर्त पूरा हुनु पर्छ । पहिलो त क्षमता र अभिरुचि निर्माणको वातावरण चाहिन्छ । प्रशासनको पर्यावरण स्टार्टमैत्री हुनु पर्छ । अर्को आन्तरिक प्रोत्साहन प्रणाली जरुरी हुन्छ, स्टार्टअप कर्मचारीको मनमुटुबाट बाहिर आउने कुरा हो । प्रोत्साहित कर्मचारीले आफूले पनि अब्बल गर्छ, विगतको भन्दा राम्रो गरी झनै राम्रो गर्ने प्रणाली उत्तराधिकारीलाई हस्तान्तरण गर्छ । प्रशासन, राजनीति र नागरिक आपसी विश्वासले कर्मचारी अझ प्रोत्साहित हुन्छ र स्वाभाविक रूपमा अतिरिक्त कार्यसम्पादन दुरी तय गर्छ। फेरि पनि भुल्न नहुने कुरा के हो भने राजनीतिक कार्यकारीको स्पष्ट मार्गदर्शनसहित अभिभावकत्व नभई हुन्न । प्रतिस्पर्धाले प्रवर्तन निम्त्याउँछ, प्रोत्साहनले प्रवर्तन सम्भव पार्छ, कार्यस्वायत्तताले प्रतिस्पर्धा र खोज जन्माउँछ, उपलब्धि संस्कृतिसहितको जवाफदेहिताले प्रवर्तनलाई निरन्तर बनाउँछ । **साभार: गोरखापत्र**




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# भोटेकोशी बाढी : अहिलेसम्म एक हजार ३९९ शव भेटिए, पाँच हजार १७९ जना सम्पर्कविहीन

काठमाण्डौ ३१ भदौ/रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढीको आज २२औँ दिन भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार अहिलेसम्म एक हजार ३९९ जनाको शव भेटिएको छ भने पाँच हजार १७९ जना सम्पर्कविहीन छन्।

चितवनमा सबैभन्दा धेरै ३६४ वटा शव भेटिएका छन्। त्यस्तै नवलपरासी पूर्वमा २३२, नवलपरासी पश्चिममा २२२, नुवाकोटमा २०२, रसुवामा १८९, गोरखामा ७८, धादिङमा ७२ र तनहुँमा ३८ छन्। उपचारका क्रममा काठमाण्डौमा दुई जनाको ज्यान गएको छ। बाँकीको पहिचानका लागि डीएनए परीक्षणलगायत प्रक्रिया अघि बढाएको प्राधिकरणले जनाएको छ।

बाढीपछि १३ हजार ७४२ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये विभिन्न ३० वटा होल्डिङ सेन्टरमा राखिएका नागरिकमध्ये नुवाकोटमा एक हजार ४९९, रसुवामा ८२५ र धादिङमा ९४ जना रहेका छन्।

त्यस्तै, विभिन्न १९ अस्पतालमा ३४३ जनाको उपचार गरिएकोमा २८२ जना उपचारपछि डिस्चार्ज भइसकेका छन्। सुरक्षा निकाय, पालिका तथा विभिन्न सरकारी र गैरसरकारी क्षेत्रबाट सम्पर्कविहीनको खोजी, घाइतेको उद्धार तथा उपचार र राहत व्यवस्थापनका काम भइरहेका छन्।

यो बाढीले गरेको क्षति पुनर्निर्माणका लागि सात खर्ब रुपैयाँ भन्दा धेरै लाग्ने प्रारम्भिक अनुमान छ

## चिलिमेको सुरुङमा ५ वटा शव फेला



काठमाण्डौ ३१ भदौ/रसुवाको चिलिमे जलविद्युत् आयोजनाको सुरुङभित्र ५ वटा शव फेला परेको छ।

नेपाली सेनाका अनुसार सुरुङको अन्तिम किनारासम्म खोजी गर्दा ती शव भेटिएका हुन्। फेला परेका शवको पहिचान तथा अन्य विवरण खुल्न बाँकी रहेको सेनाले जनाएको छ।

भदौ १० गते भोटेकोशी हुँदै आएको बाढीपछि विभिन्न जलविद्युत् आयोजनाका सुरुङभित्र मान्छे फसेको आशङ्कामा खोजी तथा उद्धार चलिरहेको छ।


| S.NO. | PRODUCT NAME | BRAND | COD | QUANTITY | PRICE | MRP |
|---|---|---|---|---|---|---|
| 1 | CHIMNEY FISHER 90 | BETTER | CHINA | 250.00 | 10759 | 17995 |
| 2 | CHIMNEY FISHER 90 PRO | BETTER | CHINA | 135.00 | 13526 | 21495 |

RAVI & SUNNY INDUSTRIES P. LTD.
ADDRESS: BYPASS ROAD, BIRGUNJ- 14, PARSA ( NEPAL )
EXIM CODE: 6098575970133NP II CONTACT NO. 9802855892
PLEASE NOTE: DISCOUNT TO REATAILERS, DISTRIBUTORS AND SPECIAL PRICES ARE GIVEN AS PER THE COMPANY POLICY.








## राष्ट्रपतिद्वारा नेपाल विशेष सेवा ऐनसम्बन्धी विधेयक प्रमाणीकरण

काठमाडौँ, ३१ भदौ/राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जनाउने सम्बन्धी विधेयक, २०८३ प्रमाणीकरण गर्नुभएको छ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यका अनुसार सङ्घीय संसदबाट पारित भइ प्रमाणीकरण हुन आएको सो विधेयक राष्ट्रपति पौडेलले प्रमाणीकरण गर्नुभएको छ।

नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम सो विधेयक प्रमाणीकरण गरिएको उहाँको भनाइ छ।

## जेनजी आन्दोलनका घाइते विवेक दनुवार अनशनमा



काठमाण्डौं,३१ भदौ/झापाको बिर्तामोडमा जेनजी आन्दोलनका घाइतेले अनशन सुरु गरेका छन्।

सरकारले जेनजी युवाको मागलाई सम्बोधन नगरेको भन्दै झापाको अर्जुनधारा( ६ का विवेक दनुवारले बुधबारदेखि बिर्तामोडमा अनशन सुरु गर्नुभएको हो। जेनजी आन्दोलनका क्रममा विवेकको पेटमा गोली लागेको थियो। उहाँ गम्भीर घाइते हुनुभएको थियो।

उहाँ अहिले सरकारको गतिविधिप्रति असन्तुष्टि जनाउँदै अनसनमा बस्नुभएको हो। उहाँलाई जेनजी आन्दोलका अन्य घाइतेहरुले पनि सघाइरहेका छन्।

जेनजी आन्दोलनका घाइतेलाई निःशुल्क गुणस्तरीय उपचारको व्यवस्था गर्नुपर्ने, हालसम्मको उपचारमा लागेको सम्पूर्ण खर्च राज्यले बेहोर्नु पर्ने विवेकले माग राख्नुभएको छ। घाइतेको लागि उचित क्षतिपूर्ति तथा जीवनयापनको व्यवस्था गर्नुपर्ने पनि उहाँको माग छ।

त्यस्तै, घाइते वा घाइतेका परिवार र शहीद परिवारको लागि निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने, सार्वजनिक यातायातमा घाइतेको लागि विशेष छूटको व्यवस्थापन गर्नुपर्ने, घाइते तथा शहीद परिवारका माग सम्बोधन गर्न विशेष कानुन निर्माण गर्नुपर्ने उहाँको माग छ।

झापामा एक सयभन्दा धेरै जेनजी आन्दोलनका क्रममा घाइते भएका थिए। त्यसमध्ये ४३ जनाले मात्र परिचय पत्र पाएका छन्।

## मलखाद नपाएको...

नगरपालिका पुगेका थिए। जनप्रतिनिधिसँग भेट हुन नसकेपछि उनीहरू आक्रोशित भएर तालाबन्दी गरेको उहाँले बताउनुभयो।

स्थानीयले भने खेतीपातीको समयमा मलखादको चरम अभाव रहेको र समस्या समाधानका लागि पटक(पटक आग्रह गर्दा पनि बेवास्ता गरिएको आरोप लगाएका छन्। मलखादको सहज उपलब्धताको माग गर्दै नगरपालिका पुगे पनि जनप्रतिनिधिले भेट्न नचाहेपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको उनीहरूको भनाइ छ।

तालाबन्दीपछि नगरपालिका कार्यालय क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ। घटनाबारे थप विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ।

## महोत्तरीको औरहीका...

गर्नुका साथै कार्यालय परिसरमा तोडफोड गरेको विज्ञप्तिमा उल्लेख छ। घटनाका क्रममा अन्य जनप्रतिनिधि तथा कर्मचारीमाथि समेत हातपात भएको जनाइएको छ।

कार्यालयमै प्रवेश गरी जनप्रतिनिधि तथा कर्मचारीमाथि हातपात र सार्वजनिक सम्पत्तिमा तोडफोड भएपछि कर्मचारीहरूमा असुरक्षाको भावना बढेको नगरपालिकाले जनाएको छ। घटनाबाट कार्यालयको भौतिक सम्पत्तिमा क्षति पुगेको तथा सेवाप्रवाहमा खटिएका कर्मचारीको मनोबलमा समेत असर परेको विज्ञप्तिमा उल्लेख छ।

नगरपालिकाका कर्मचारीले गुनासा वा असमझदारी भए सम्बन्धित पक्षबिच संवाद, विधिको शासन र कानुनी प्रक्रियामार्फत समाधान खोजिनुपर्ने बताएका छन्। सार्वजनिक निकायमा प्रवेश गरी तोडफोड र हातपात गर्ने कार्यले कार्यालयको नियमित सेवा प्रवाहमा समेत प्रत्यक्ष असर पार्ने उनीहरूको भनाइ छ।

घटनापछि नगरपालिकाबाट दैनिक रूपमा प्रवाह हुने विभिन्न सेवा प्रभावित भएका छन्। सेवाका लागि नगरपालिकाको कार्यालय पुग्ने सर्वसाधारणले अत्यावश्यकबाहेकका सेवा तत्काल प्राप्त गर्न नसक्ने अवस्था सिर्जना भएको छ। नगरपालिकाले भने जनप्रतिनिधि तथा कर्मचारीको सुरक्षा सुनिश्चित भएपछि मात्र नियमित सेवा सञ्चालन गर्ने सङ्केत गरेको छ।

कर्मचारीहरूले घटनामा सङ्लग्न व्यक्तिहरूको पहिचान गरी प्रचलित कानुनबमोजिम अनुसन्धान तथा कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। साथै, तोडफोडका क्रममा सार्वजनिक सम्पत्तिमा भएको क्षतिको कानुनबमोजिम सम्बन्धित पक्षबाट भरपाइ गराउन पनि उनीहरूले माग गरेका छन्।

सुरक्षा प्रत्याभूति नभएसम्म कार्यालयमा नियमित रूपमा सेवा सञ्चालन गर्दा कर्मचारी तथा सेवाग्राही दुवै जोखिममा पर्न सक्ने भएकाले अत्यावश्यकबाहेकका सेवा बन्द गरिएको विज्ञप्तिमा उल्लेख छ।

घटनासम्बन्धी जानकारी तथा आवश्यक कारबाहीका लागि नगरपालिकाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई समेत बोधार्थ पठाएको जनाएको छ।

# मधेस सरकारलाई दिएको समर्थन फिर्ता लिने एमालेको चेतावनी



जनकपुरधाम, ३१ भदौ/मधेस प्रदेशमा सत्ता साझेदार दल एमालेले सरकारप्रतिको समर्थन फिर्ता लिने चेतावनी दिएको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनताको भावना अनुरूप काम गर्न नसकेको भन्दै एमाले असन्तुष्ट देखिएको हो ।

मधेस प्रदेश सभा, एमाले संसदीय दलका नेता सरोजकुमार यादवले सरकारको रवैया यस्तै रहे एमालेले समर्थन फिर्ता लिने चेतावनी दिनुभयो । पूर्वमुख्यमन्त्री समेत रहेका यादवले वर्तमान सरकार गठन पूर्व गरिएको सम्झौता, सहमति कार्यान्वयन गर्न मुख्यमन्त्री उदासीन देखिएको आरोप लगाउनुभयो ।

उहाँले भन्नुभयो, 'सरकारमा जानुपूर्व मुख्यमन्त्रीसँग १५ बुँदे सम्झौता गरेका थियौं । यतिका महिना बितिसक्यो, त्यो कार्यान्वयनमा उहाँले ध्यान दिनुभएन । सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने सरकारमा बसिराख्नुको औचित्य छैन ।'

मुख्यमन्त्री अहिले विदेश भ्रमणमा रहेको जनाउँदै एमाले संसदीय दलका नेता यादवले मुख्यमन्त्री फर्किएपछि यो विषयमा एक पटक गम्भीर कुराकानी गर्ने बताउनुभयो । 'कुरा मिलेन भने एमालेले समर्थन फिर्ता लिन सक्छ,' उहाँले भन्नुभयो ।

अन्य प्रदेशमा कांग्रेसलाई बाहिर राखेर वाम गठबन्धनको सरकार बनिसकेको प्रस्ट पार्दै यादवले भन्नुभयो, 'हामीले मधेस प्रदेशमा पुरानै सरकारलाई निरन्तरता दिएका छौं । सङ्घीयता ल्याउन हामी सबैको उत्तिकै ठुलो योगदान छ । त्यही भएर यो प्रदेशमा त्यस्तो किचलो नहोस् भनेर कांग्रेस नेतृत्वको सरकारलाई नै सहयोग जारी राखेका हौं ।'

सरकारमा जानुपूर्व एमालेसँग भएको सम्झौतामा सरकार सञ्चालनका लागि सत्ताधारी दलहरूबीच आपसी समन्वय र उच्च समझदारी हुनुपर्ने, प्रदेशका अधुरा तथा अपुरा आयोजनाहरूलाई पूर्णता दिन प्राथमिकता दिने तथा परियोजना, योजनाहरूलाई मात्र आगामी बजेटमा समावेश गर्ने लगायतका विषय समेटिएका थिए ।

कर्मचारीको सरुवा(बढुवा तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनुपर्ने, प्रदेश सरकारका काम(कारबाहीमार्फत नागरिकलाई सुशासनको प्रत्यक्ष अनुभूति गराउने कार्ययोजना अघि सार्ने, वर्तमान राजनीतिक समीकरणलाई आगामी चुनावसम्मै दिगो र मजबुत बनाएर लैजाने लगायतका सहमति भएको थियो

यता, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको चर्चा बाहिरिएको छ । यद्यपि नेकपाले समर्थन फिर्ता नलिने अर्थमन्त्री युवराज भट्टराईले बताउनुभयो । उहाँले भन्नुभयो, 'सरकारको कामको रफ्तार अलि घटेको जस्तो देखिए पनि अहिले सरुवा, बढुवातर्फ केन्द्रित भएकाले असोजदेखि कामले गति लिन्छ ।'

एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको भन्ने विषयबारे आफूलाई कुनै जानकारी नरहेको मन्त्री भट्टराईले बताउनुभयो ।

# हेटौडामा यात्रुवाहक बसमा ढुंगा प्रहार, ५ जना पक्राउ

हेटौडा, ३१ भदौ/मकवानपुरमा गुडिरहेको यात्रुवाहक बसमा ढुंगा प्रहार भएको छ ।

हेटौंडा उपमहानगरपालिका( ३ लेवटस्थित पूर्व(पश्चिम लोकमार्गमा यात्रुवाहक बसमा ढुंगा प्रहार हुँदा केही यात्रुसमेत घाइते भएका प्रहरीले जनाएको छ ।

प्रहरीले घटनामा संलग्न ५ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका( ३ लेवट बस्ने वर्ष २७ का किरण बिक, वर्ष ३० का अंकित राई, वर्ष ३९ का सुग्रिव मुक्तान, वर्ष २९ का विजय थिङ लामा र वर्ष २९ का उदाश तामाङ रहेका छन् ।

बुधबार बिहान अन्दाजी १:३० बजे बसमा ढुंगा प्रहार भएको थियो ।

घटनाको अनुसन्धानका क्रममा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ परेकाहरूमाथि आपराधिक उपद्रव मुद्दामा अनुसन्धान तथा कारबाही भइरहेको छ ।

# सप्तरीमा घरबाटै युवक अपहरण भएको भन्दै प्रहरी चौकी घेराउ



सप्तरी, ३१ भदौ/सप्तरीको बलान बिहुल गाउँपालिका( ४ बेल्हीका २४ वर्षीय अभिनन्द यादव घरबाटै अपहरणमा परेको भन्दै आफन्त र स्थानीयवासीले प्रहरी चौकी घेराउ गरेका छन् । सोमबार राति करिब १२ बजे ६(७ जनाको समूह घरमा आएर परिवारका सदस्यलाई पेस्तोल देखाउँदै सुतिरहेका अभिनन्दलाई नियन्त्रणमा लिएर लगेको उहाँका काका अमोद यादवले जानकारी दिनुभयो ।

घटनाबारे प्रहरीलाई खबर गर्दा पनि तत्काल सुनुवाइ नभएको भन्दै आक्रोशित आफन्त र स्थानीयवासीले मङ्गलबार बेल्हीस्थित प्रहरी चौकी घेराउ गरेका हुन् । उनीहरूले अभिनन्दको तत्काल खोजी गरी अवस्थाबारे जानकारी गराउन माग गरेका छन् ।

बलान बिहुल गाउँपालिका( ४ का वडाध्यक्ष लक्ष्मीनारायण झाले गाउँमै प्रहरी चौकी र सशस्त्र प्रहरीको बीओपी हुँदाहुँदै घरबाटै युवकलाई अपहरणको शैलीमा लगिनु गम्भीर विषय भएको बताउनुभयो । उहाँले अभिनन्दको तत्काल खोजी गरी घटनाबारे परिवारलाई जानकारी गराउन सप्तरी प्रहरीसँग आग्रह गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले युवकको खोजी भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार प्रारम्भिक रूपमा अभिनन्द भारतमा गम्भीर प्रकृतिका अपराधमा संलग्न रहेको र भारतीय प्रहरीले नियन्त्रणमा लिएर गएको भन्ने सूचना प्रहरीलाई प्राप्त भएको छ ।

प्रहरी नायब उपरीक्षक घिमिरेले पेस्तोल बोकेको समूह घरमा आएको भन्ने विषयमा भने प्रहरीलाई जानकारी नभएको बताउनुभयो । सप्तरी प्रहरीले भारतीय पक्षबाट भएको भनिएको नियन्त्रण तथा घटनाबारे थप विवरण प्राप्त गर्न समन्वय भइरहेको जनाएको छ ।

# सिरहामा एम्बुलेन्सबाट १०५ किलो गाँजा बरामद, चालक फरार




सिरहा, ३१ भदौ/सिरहामा प्रहरीले एम्बुलेन्सबाट १०५ किलो गाँजा बरामद गरेको छ । प्रहरीले गाँजा ओसारपसारमा प्रयोग भएको एम्बुलेन्ससमेत नियन्त्रणमा लिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंगलबार राति करिब ८ बजे चोहर्वाबाट जयनगरतर्फ जाँदै गरेको ज १ च १२१३ नम्बरको एम्बुलेन्समा गाँजा ल्याइँदै गरेको सूचना प्राप्त भएको थियो ।

सूचनापछि प्रहरी निरीक्षक सुनिल चौरसियाको कमान्डमा टोली परिचालन गरिएको थियो । प्रहरीले एम्बुलेन्सलाई पछ्याउने क्रममा चालकले प्रहरीको निगरानी थाहा पाएपछि चोहर्वादेखि सिरहासम्म तीन स्थानमा राखिएका प्रहरी बेरिकेट तोडेर भागेको जनाएको छ ।

प्रहरीको थप टोलीले पछ्याउने क्रममा चालकले सिरहा नगरपालिका( १ स्थित हुलाकी सडकखण्डमा एम्बुलेन्स छाडेर फरार भएको प्रहरीले जनाएको छ ।

एम्बुलेन्स जाँच गर्दा पाँचवटा बोरा फेला परेका थिए । ती बोराभित्र रहेको पदार्थ तौल गर्दा १०५ किलो गाँजा रहेको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

बरामद गाँजा र एम्बुलेन्स प्रहरी कार्यालयमा ल्याइएको छ । फरार चालकको पहिचान तथा खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# चिर्पट प्रहारबाट युवक घाइते

सर्लाही, ३१ भदौ/सर्लाहीको लालबन्दी नगरपालिका( १० चन्द्रपुरमा बुधबार बिहान चिर्पट प्रहारबाट एक जना घाइते भएका छन् ।

चिर्पट प्रहारबाट स्थानीय ४० वर्षीय रमेश भुजेल गम्भीर घाइते भएका हुन् । घाइते भुजेललाई मोडेल अस्पताल लालबन्दीमा प्राथमिक उपचारपछि थप उपचारका लागि हेलिकप्टरमार्फत अन्नपूर्ण न्यूरो अस्पताल काठमाडौं लगिएको छ । घाइते रमेशको होस अझै नखुलेको जनाइएको छ ।

रमेशलाई चिर्पट प्रहार गरी घाइते बनाउने ४५ वर्षीय् व भुजेललाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख एवम् प्रहरी निरीक्षक श्याम थापा मगरले जानकारी दिनुभयो । प्रहरीले घटनामा प्रयोग भएको चिर्पटसमेत बरामद गरेको छ ।

मदिरा सेवन गरेर हो(हल्ला गरेपछि कुटपिट भएको प्रारम्भिक जानकारी आए पनि घटनाबारे थप अनुसन्धान भइरहेको इन्स्पेक्टर मगरले बताउनुभयो ।

# सप्तरीमा चट्याङ लागेर बाबुछोरीको मृत्यु

सप्तरी, ३१ भदौ/खेतमा धान गोडिरहेका बाबुछोरीको चट्याङ लागेर मृत्यु भएको छ ।

सप्तरीको बोदे बर्साइन नगरपालिका( १० अमरैयाका ५५ वर्षीय भोला साह र उहाँकी १८ वर्षीया छोरी मधुकुमारी साहको चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार मङ्गलबार आफ्नै खेतमा धान गोडिरहेका बेला अचानक चट्याङ पर्दा दुवै जनाको घटनास्थलमै मृत्यु भएको हो ।

घटनाबारे दिउँसो जानकारी प्राप्त भएपछि इलाका प्रहरी कार्यालय कडरबोनाबाट प्रहरी निरीक्षकको कमान्डमा टोली घटनास्थल पुगेको थियो । प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी सोही दिन साँझ दुवै जनाको शव अन्तिम संस्कारका लागि आफन्तलाई जिम्मा लगाएको जनाएको छ ।

घटनासम्बन्धी थप विवरणबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

# भोटेकोशी बाढीको वैज्ञानिक अध्ययनका लागि समिति गठन

काठमाण्डौ ३१ भदौ/सरकारले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको वैज्ञानिक कारण खोज्न सात सदस्यीय विज्ञ अध्ययन समिति गठन गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जल नीति तथा सुशासन विज्ञ देवेश बेल्बासेको संयोजकत्वमा समिति गठन गरेको हो ।

समितिमा जलविद् डा. नरेन्द्रमान शाक्य, ग्लेसियोलोजिस्ट डा. रिजनभक्त कायस्थ, रिमोट सेन्सिङ विशेषज्ञ डा. उत्तमबाबु श्रेष्ठ, भूगर्भविद् डा. मेघराज धिताल, जलविद्युत् पूर्वाधार विज्ञ डा. हरि पण्डित र विपद् जोखिम न्यूनीकरण विज्ञ अनिल पोखरेल सदस्य रहनुभएको छ । प्रारम्भिक अध्ययनबाट बाढीको मुख्य उत्पत्ति, भौतिक प्रक्रिया र तल्लो क्षेत्रमा फैलिएको वैज्ञानिक प्रमाण पर्याप्त नभेटिएपछि मन्त्रालयले कारण खोज्न समिति गठन गरेको हो ।

समितिले हिमाली भू(जोखिम, शृङ्खलाबद्ध विपद् र जलवायु परिवर्तनको सम्भावित भूमिकाबारे अध्ययन गर्नेछ । विज्ञ टोलीले ड्रोन तथा स्याटेलाइट प्रविधिको प्रयोग गर्दै उद्गम स्थल र तटीय क्षेत्रको स्थलगत अनुगमन गर्ने मन्त्रालयले जनाएको छ ।

तीन चरणमा सम्पन्न हुने यस अध्ययनका लागि समितिलाई दुई महिनाको समय दिइएको छ । प्रतिवेदनका आधारमा घटनाको वैज्ञानिक प्रकृति स्पष्ट पारेर बाढीलाई उपयुक्त वैज्ञानिक नामसमेत दिइने मन्त्रालयले जनाएको छ ।

## भूल सुधारसम्बन्धि सूचना

श्री कैलाशपति सामुदायिक वन उपभोक्ता समूह निजगढ १३ रतनपुरीको यस कृपा दैनिकमा मिति २०८३ भाद्र २६ गते प्रकाशित काठ दाउरा, बिक्री वितरणसम्बन्धि बोलपत्र आह्वानको सूचनामा बाँझी जातको थान- ११ को ९८.२९ क्विफिट काठ र असना जातको थान- १३ को १९३.०५ क्विफिट काठ तथा दाउरा ०.५ चट्टा हुनुपर्नेमा असावधानीवश अन्यथा हुन गएकोले यही अनुसार हुने गरी यो भुल सुधार गरिएको छ ।

**श्री कैलाशपति सामुदायिक वन उपभोक्ता समूह निजगढ १३**
**रतनपुरी, बारा**

## संविधान दिवस भव्यरुपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३